# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४) काठमाडौं जेठ १९ गते, २०७१ साल (संख्या ६

## भाग ३

### नेपाल सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

### हिमाली राष्ट्रिय निकुञ्ज (पहिलो संशोधन) नियमावली, २०७१

हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "हिमाली राष्ट्रिय निकुञ्ज (पहिलो संशोधन) नियमावली, २०७१" रहेको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ को नियम २ मा संशोधन :** हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ (यसपछि मूल नियमावली भनिएको) को नियम २ को खण्ड (ख) मा रहेका "रारा राष्ट्रिय निकुञ्ज" भन्ने शब्दहरुको सट्टा "रारा राष्ट्रिय निकुञ्ज, शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, मकालु बरुण राष्ट्रिय निकुञ्ज" भन्ने शब्दहरु राखिएका छन् ।

३. **मूल नियमावलीमा नियम २४क. थप :** मूल नियमावलीको नियम २४ पछि देहायको नियम २४क. थपिएको छ :-

"२४क. **जडीबुटीको सङ्कलन तथा बिक्री वितरण :** (१) राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको वनबाट प्रचलित कानून बमोजिम सङ्कलन गर्न पाउने जडीबुटीहरु सङ्कलन गर्न चाहने व्यक्ति वा संस्थाले जडीबुटीको किसिम, सङ्कलन क्षेत्र, परिमाण र सङ्कलन गर्ने उद्देश्य समेत खोली संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदन उपर जाचँबुझ गर्दा माग बमोजिमको जडीबुटी सङ्कलन गर्न इजाजत दिन उपयुक्त देखिएमा अनुसूची-५क. मा उल्लिखित जडीबुटीको हकमा सो बमोजिमको दस्तुर समेत लिई तोकिएको क्षेत्र र परिमाणमा वर्षमा एक सिजनमा बढीमा तीस दिनको लागि अनुसूची-५ख. बमोजिमको ढाँचामा संरक्षकले जडीबुटी सङ्कलन गर्ने इजाजतपत्र दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त जडीबुटी सङ्कलन गर्ने इजाजतपत्र बमोजिम सङ्कलन गरिएको जडीबुटी त्यस्ता इजाजतपत्रसँग भिडाई तथा सङ्कलन



४०
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरेको परिमाण जाँची संरक्षकले प्रचलित कानून बमोजिमको दस्तुर लिई अनुसूची-५ग. बमोजिमको ढाँचामा छोडपुर्जी दिनु पर्नेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले तोकेको जातको जडीबुटीको सङ्कलन तथा बिक्री वितरणको लागि संरक्षकले बोल कबोल प्रथाद्वारा सबैभन्दा बढी दस्तुर कबोल गर्ने व्यक्तिलाई इजाजत दिन सक्नेछ ।

(५) उपनियम (२), (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम सङ्कलन गर्न प्रतिबन्ध लगाइएका जडीबुटीको हकमा सङ्कलन इजाजत तथा छोडपुर्जी दिइने छैन ।

(६) कुनै व्यक्ति वा संस्थाले यस नियमावली बमोजिम सङ्कलन गरेको वा प्राप्त गरेको जडीबुटी मध्ये प्रचलित कानून बमोजिम विदेश निकासीमा प्रतिबन्ध लगाएको जडीबुटी बाहेक अन्य जडीबुटी विदेश निकासी गर्न निवेदन दिएमा संरक्षकले विदेश निकासी गर्ने अनुमतिका लागि सम्बन्धित भन्सार कार्यालयलाई सिफारिस गर्न सक्नेछ ।

(७) प्रचलित कानून वमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशित भई सारतत्व निकालेर मात्र विदेश निकासी गर्न पाइने भनी उल्लेख भएका जडीबुटीको हकमा सोही सूचना बमोजिम हुनेछ ।"

४. **मूल नियमावलीमा नियम ३४. थप** : मूल नियमावलीको नियम ३३. पछि देहायको नियम ३४ .थपिएको छ :-



२१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"३४. **निर्देशिका तथा कार्यविधि बनाउन सक्ने :** ऐन तथा यस नियमावलीको कार्यान्वयन गर्न वन तथा भू-संरक्षण मन्त्रालयले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।"

५. **मूल नियमावलीको अनुसूचीमा संशोधन :** मूल नियमावलीको,-

(१) अनुसूची-४ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) **शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको लागि :**

१. दुनै-रह-आखे खोले-छेप्का-रेजीमूल बाटो ।
२. रैजी-पुग्मा-कागमारा लेक-हुरीकोट मूल बाटो ।
३. रैंजी-पुनेखा-गुनाहा मूलबाटो ।
४. पुग्मा रिके-मुडुवा-रिग्म-शे गोम्बा मूल बाटो ।
५. पुग्म-पोलाप-रिग्म मूल बाटो ।
६. शे गोम्बा-टाट गाउँ-भिजेर फोता गाउँ-डोल्फू जाने मूल बाटो ।
७. मुडुवा-वरिया भन्ज्याङ-नाम्दो-साल्दाङ्ग-निसाल-खुङ भञ्ज्याङ जाने मूल बाटो।
८. भिजेर गाउँ- कु गाउँ मूल बाटो ।
९. दुनै-खालारुपी-जलास-आखे खोला मूल बाटो ।
१०. शे गोम्बा-सालदाङ्ग मूल बाटो ।"

(२) अनुसूची-५ पछि देहायका अनुसूची-५क., अनुसूची- ५ख. र अनुसूची- ५ग. थपिएका छन् :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"अनुसूची-५क.

(नियम २४क. को उपनियम (२) सँग सम्बन्धित)

**निकुञ्जबाट जडीबुटी सङ्कलन गर्न लाग्ने दस्तुर**

**यार्सा गुम्बा प्रति व्यक्ति प्रति पुर्जी :**

१. निकुञ्जको मध्यवर्ती क्षेत्रका बासिन्दाहरुका लागि रु. ५,००।-

२. मध्यवर्ती क्षेत्र बाहेक निकुञ्ज रहेको जिल्लाका बासिन्दाहरुका लागि रु. २,०००।-

३. निकुञ्ज रहेको जिल्ला बाहेकका अन्य जिल्लाका बासिन्दाहरुका लागि रु. ३,०००।-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची-५ख.

(नियम २४क. को उपनियम (२) सँग सम्बन्धित)

**जडीबुटी सङ्कलन इजाजतपत्र**

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

................राष्ट्रिय निकुञ्ज कार्यालय

इजाजत प्राप्त गर्नेको,-

नाम, थर, वतन :-

नागरिकता नं :-

सङ्कलन गर्ने म्याद :- घाटगद्दी स्थान :-

सङ्कलन दस्तुर :-

| सि.न. | सङ्कलन गर्ने जडीबुटीको नाम | सङ्कलन गर्ने क्षेत्र (वनको नाम, चौहाद्दि | परिमाण | सङ्कलन गर्ने तरिका | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

बोधार्थ :

१) ..................... कार्यालय,

.....................। .......................

(संरक्षक)



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**अनुसूची-५ग.**

(नियम २४क. को उपनियम (३) सँग सम्वन्धित)

**जडीबुटीको छोडपुर्जी**

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

...........राष्ट्रिय निकुञ्ज कार्यालय

..................................

श्री ............................

...................................

मिति..................... को सङ्कलन इजाजतपत्र अनुसार तपसिल बमोजिमको जडीबुटी................ दिनभित्र ...................................... स्थानबाट ......................................स्थानसम्म उठाई लैजाने गरी यो छोडपुर्जी दिइएको छ । बाटोमा पर्ने वन/निकुञ्ज/आरक्ष चेक पोष्टहरुबाट अनिवार्य रुपमा दरपीठ गराई लैजानु होला ।

तपसिल

| सि.न. | जडीवुटीको नाम | परिमाण | दर प्रति ईकाइ | कुल रकम जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

बोधार्थ/कार्यार्थ :

१) ............................. कार्यालय ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२) ...........राष्ट्रिय निकुञ्ज कार्यालय, लेखा शाखा ।

३) बाटोमा पर्ने सबै वन/निकुञ्ज/आरक्ष चेक पोष्टहरु ।

..........................

(संरक्षक"

आज्ञाले,

**डा. गणेशराज जोशी**

नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाण्डौमा मुद्रित । मूल्य रू. ५।-

गो.हु.द.नं. १६।०६२।०६३

२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार